लुम्बिनी प्रदेश सरकार

# प्रदेश खेलकुद परिषद् लुम्बिनी

PROVINCE SPORTS COUNCIL, LUMBINI

NEPAL

पत्र संख्या ०८०/०८१
च. नं. ८४

मिति: २०८०/१०/१६

श्री जिल्ला खेलकुद विकास समिति सबै,
लुम्बिनी प्रदेश ।

विषय : प्रदेश स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धमा ।

प्रस्तुत विषयमा १४ औ संघिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मिति २०८० साल फाल्गुन १६ देखि १८ गते सम्म काठमाण्डौमा हुने जानकारी प्राप्त भएकोले प्रदेश स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजक समितिको बैठक बाट प्रदेश स्तरिय प्रतियोगिता मिति २०८० फागुन ११ गते देखि १३ गते सम्म रुपन्देही जिल्लामा आयोजना गर्ने निर्णय भएको हुदा तहाँ सबै जिल्ला खेलकुद विकास समितिहरुले मिति २०८० माघ मसान्त भित्र जिल्ला स्तरिय छनोट प्रतियोगिता सम्पन्न गरी मिति २०८०/११/०३ गते भित्र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०८० को पाँचौ संशोधनले तोकिएका सबै खेल ईभेन्टहरुको खेलाडी विवरण यस प्रदेश खेलकुद परिषद् लुम्बिनीको कार्यालयमा तथा ईमेल ठेगाना :**lumbinisportscouncil@gmail.com** मा उपलब्ध गराउनु हुन अनुरोध छ। निर्धारित मितिमा विवरण उपलब्ध गराउन नसकेमा प्रतियोगितामा समावेश गराउन परिषद् बाध्य हुने छैन। प्रदेश स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजक समितिको बैठकको निर्णय प्रति यसै पत्र साथ संलग्न छ ।

जय प्रकाश भट्टराई
सदस्य सचिव

बोधार्थ:
श्री परिषद् सदस्य सबै।
श्री प्रदेश स्तरिय सबै खेल महासंघ/संघहरु (एथलेटिक्स, भलिवल, कबड्डी, तेक्वान्दो, कराँते र उसु)।
श्री जिल्ला स्तरिय सल्लाहकार समिति (राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा निर्देशन समिति)।
श्री जिल्ला स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता बयस्थापन तथा निर्देशन समिति सहजिकरण गर्नु गराउनु हुन।
श्री जिल्ला स्तरिय संघहरु, (एथलेटिक्स, भलिवल, कबड्डी, तेक्वान्दो, कराँते र उसु) जिल्ला खेलकुद विकास समितिहरु संग समन्वय, सहकार्य र सहजिकरण गर्नु गराउनु हुन।
श्री जिल्ला स्तरिय विधालय संघ/महासंघ (सामुदायिक, प्याब्शन एनप्याब्शन)।

आज मिति २०८०।१०।१६ गतेका दिन दिउसो १:०० वजे राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका,२०८० (पाचौं संसोधन) को परिच्छेद-३ अनुसार गठित प्रदेश स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजक समितिको बैठक प्रदेश खेलकुद परिषद् लुम्बिनीका सदस्य सचिव श्री जय प्रकाश भट्टराईज्यूको संयोजकत्वमा तपसिल बमोजिमको उपस्थितीमा बसी तपसिलका विषयमा छलफल गरि निर्णय गरियो।

उपस्थिति:

| | |
|---|---|
| जय प्रकाश भट्टराई, प्रदेश खेलकुद परिषद लुम्बिनी, सदस्य सचिव | संयोजक |
| दिवाकर भण्डारी, सामाजिक विकास मन्त्रालय, महाशाखा प्रमुख | सदस्य |
| यम बहादुर के.सी. निर्देशक, शिक्षा तथा सामाजिक निर्देशनालय, | सदस्य |
| सुजन सेडाई नेपाली सेना अधिकृत | सदस्य |
| अस्बिन गुरुङ् सशस्त्र प्रहरी वल अधिकृत | सदस्य |
| गंगा बहादुर सारु नेपाल प्रहरी अधिकृत | सदस्य |
| मोहन घले, नेपाल एथलेटिक्स संघ, कोषाध्यक्ष | सदस्य |
| योग गुरुङ्, लुम्बिनी प्रदेश भलिवल संघ, | सदस्य |
| महेन्द्र सुनार लुम्बिनी प्रदेश कवड्डी संघ, | सदस्य |
| वासु वस्याल लुम्बिनी प्रदेश करातें महासंघ,महासचि | सदस्य |
| दिपेन्द्र मान श्रेष्ठ लुम्बिनी प्रदेश तेक्वान्दो संघ, उपाध्यक्ष | सदस्य |
| कृष्ण प्रसाद भट्टराई, लुम्बिनी प्रदेश उसू संघ अध्यक्ष | सदस्य |
| भागिरथ अधिकारी, प्रदेश खेलकूद परिषद् लुम्बिनी, अधिकृत छैठौं | सदस्य सचिव |

विशेष आमन्त्रित :

डा. असिम भण्डारी नेपाल एन्टी डोपिङ्ग एजेन्सी संयोजक

कोशिष बहादुर खड्का, प्रदेश खेलकुद परिषद लुम्बिनी, कोषाध्यक्ष

आमन्त्रित :

मोहन प्रसाद घिमिरे, प्रदेश खेलकुद परिषद लुम्बिनी, लेखा अधिकृत

टेक बहादुर थापा, लुम्बिनी प्रदेश पौडी संघ, अध्यक्ष

महेन्द्र थापा पत्रकार

रामराज पोखेल पत्रकार

सुमन अधिकारी खेलकुद पत्रकार मञ्च रुपन्देही
सुरेन्द्र चौधरी, प्रदेश खेलकुद परिषद लुम्बिनी कम्प्युटर अपरेटर
स्वस्तिक ... खेलपत्रिका(

प्रस्ताव तथा निर्णयहरुः

१. प्रदेश स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना र संचालन गर्न मिति २०८०।११।११ गते देखी १३ गते सम्म रुपन्देही जिल्लामा गर्ने निर्णय गरियो।
२. १२ वटै जिल्ला खेलकुद विकास समितिहरुलाई मिति २०८० माघ मसन्त भित्र सबै ईभेन्टका खेलहरु सम्पन्न गर्न परिपत्र सहितको निर्देशन दिने र जिल्ला गत सबै ईभेन्ट सहितको खेलाडि विवरण मिति २०८०।११।०३ गते भित्र प्रदेश खेलकुद परिषद लुम्बिनीको कार्यालयमा पठाउन निर्देशन गर्ने निर्णय गरियो। अन्यथा २०८०।११।०३ गते भित्र प्रदेश खेलकुद परिषद लुम्बिनीको कार्यालयमा पठाउन ढिलो गरेमा प्रदेश स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा समावेश गर्न सकिने छैन।
३. प्रदेश स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको शान्ति सुरक्षाको जिम्मेवारी नेपाल प्रहरी र शसस्त्र प्रहरी बल नेपाललाई जिम्मा दिने निर्णय गरियो।
४. शान्ति सुरक्षाको साथै तत्काल आईपरेको भवितव्य भएको खण्डमा विशेष उद्धार गर्न नेपाली सेनालाई जिम्मा दिने निर्णय गरियो।
५. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन, २०८० (पाचौं संसोधन) ले तोकेका खेल ईभेन्टहरु मात्र समावेश गर्ने, सबै खेल ईभेन्टहरुका खेल संयोजकहरु र उप संयोजनहरु तोक्ने जिम्मा प्रदेश खेलकुद परिषद् लुम्बिनीका सदस्य सचिवलाई दिने निर्णय गरियो।
६. संघिय राष्ट्रपति राष्ट्रपति रनिङ् शिल्ल प्रतियोगितामा यस प्रदेश बाट सहभागि हुने खेलाडिहरुलाई वढीमा ४५००।–(पौचालिस सय मात्र) वरावरको पोशाक (जुता, मोजा, गेम सेट र ट्राकसुट) तथा प्रदेश स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता छनोटमा दैनिक भत्ता स्वरुप खेलाडिहरुलाई प्रतिदिन ९००।–(नौ सय), अफिसियलहरुलाई प्रतिदिन १०००।– (~~चौध सय मात्र~~ एक हजार) र खेल खेलाय वापत प्रति व्यक्ति रु ५०० का दरले रकम उपलब्ध गराउने निर्णय गरियो।
७. प्रदेश स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना तथा संचालन गर्दा आईपरेका समस्याहरुलाई बाधा अड्काउ फुकाउने जिम्मा प्रदेश खेलकुल परिषद लुम्बिनीका सदस्य सचिव संयोजक लाई प्रतियोगिको जिम्मा दिने निर्णय गरियो।